# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, माघ २७ गते २०५४ साल (अतिरिक्ताङ्क ५७ (क)

## भाग ४

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४७, संख्या १७, मिति २०५४।४।२० को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना १ अनुसार गठन भएको शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र विकास तथा संचालन समितिसम्बन्धी सूचनामा देहायबमोजिम संशोधन गरेको छ ।

१. दफा १ मा संशोधन : दफा १ को,–

१. उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) समितिका सदस्यहरूमध्येबाट समितिको अध्यक्षद्वारा मनोनीत एकजना – उपाध्यक्ष"

२. उपदफा (१) को खण्ड (ज) मा रहेका "एक जना" भन्ने शब्दहरूको सट्टा "दुई जना" भन्ने शब्दहरू राखिएका छन् ।

३. उपदफा (१) को खण्ड (ञ) झिकिएको छ।

४. उपदफा (१) को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः–

"(ट) लब्ध प्रतिष्ठित चिकित्सकहरूमध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति – सदस्य सचिव"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १२५५

५. उपदफा (२) मा रहेका "मनोनीत सदस्यहरूको पदावधि" भन्ने शब्दहरू पछि "बढीमा" भन्ने शब्द थपिएको छ।

६. उपदफा (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर श्री ५ को सरकारले चाहेमा समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ।"

२. दफा ५ मा संशोधनः दफा ५ को उपदफा (४) मा रहेको "उपस्थिति" भन्ने शब्द झिकिएको छ।

३. दफा ७ मा संशोधनः दफा ७ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) समितिका सदस्यहरूमध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति — अध्यक्ष"

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२६६